नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वन विभाग

# वन सम्बर्धन महाशाखा

बबरमहल, काठमाडौं

फोन नं. ०१-४२३८२९२

प.सं. ०७५/७६

च.नं. ३९४

मितिः २०७५।०३।१९

विषयः- विरुवा उत्पादन, वितरण सम्बन्धमा ।

श्री जिल्ला वन अधिकृत ज्यू,
जिल्ला वन कार्यालय, सबै

उपरोक्त विषयमा यस विभागको च.नं. ७०१ र ७७८ को पत्रहरु एवं पत्रसाथ पठाइएको फारम जानकारी भएकै होला । सो सम्बन्धमा यस विभागबाट भएको अनुगमन प्रतिवेदन तथा विभागमा प्राप्त विवरणहरु अनुसार जिल्लामा उत्पादन गरिएका अधिकांश विभिन्न जातका विरुवाहरु कलिला, कम उचाईका रहेका र यसै वर्ष रोप्न योग्य नभएको देखियो । कलिला कम उचाईका विरुवाहरु वितरण, रोपण गर्दा विरुवा बाँच्ने, सर्ने तथा हुर्कने दर ज्यादै न्यून हुने र त्यस्ता विरुवा आगामी वर्ष मात्र रोप्न योग्य हुने भएकोले ती विरुवाहरुको उचित संरक्षण व्यवस्थापन गर्ने व्यवस्था मिलाउन हुन अनुरोध छ । वितरित विरुवा तथा वृक्षरोपण गर्न उपयोग भएका विरुवाहरुको विवरण यस अघि प्रेषित फारम अनुसार तयार पारी र मौज्दात रहने प्रजातीगत विरुवाको विवरण अलग अलग रुपमा देखिने गरि अभिलेख तथा मौज्दात कायम गरि राख्न हुन समेत अनुरोध छ । मौज्दात विरुवाहरुको उचित संरक्षणको प्रवन्ध अनिवार्य रुपले मिलाउनको साथै सो को विवरण ७ (सात) दिन भित्र वन विभाग, वन संवर्धन महाशाखामा पठाउन हुन आदेशानुसार अनुरोध गरिन्छ ।

१९/३/०७५

(राजेन्द्र न्यौपाने)

उप महानिर्देशक

<u>विवरण पठाउने संम्पर्क व्यक्ति तथा email ठेगाना</u>

उमा पौडेल उप -सचिव (प्रा.)

फो.न. ९८६०९०३२३१

इमेलः paudel.uma@gmail.com

परिक्षण गुप्ता (स.व.अ.)

फो.न. ९८४७५००८९४

इमेलः ppgupta313@gmail.com

info@dof.gov.np

silviculturedivision.dof@gmail.com